# संदिग्ध दुर्व्यवहार भएका
# बालबालिकाको सुरक्षाको सम्बन्धमा
# बहुविषयक मामिलाको सम्मेलन --बालबालिका र वयस्कहरुका लागि नोटहरु

उचित शारीरिक, मनोवैज्ञानिक तथा भावनात्मक स्याहार पाइ स्वास्थ्य वातावरणमा हुर्कन पाउनु सबै बालबालिकाहरूको अधिकार हो। उनीहरूलाई हानि र शोषणबाट जोगाउनुपर्छ। यद्यपि, बच्चाको शारीरिक/मनोवैज्ञानिक स्वास्थ्य तथा विकासमा जोखिम वा दुर्बल भएमा, बच्चासँग सम्पर्कमा आउने सबै कर्मचारीसँग बच्चाको सुरक्षा गर्न र अपराधीको पहिचानलाई ध्यान नदिई उसको उत्कृष्ट हितको सुरक्षा गर्न आवश्यक कदमहरू चाल्ने उत्तरदायित्व छ।

## संदिग्ध दुर्व्यवहार भएको बच्चाको सुरक्षाको सम्बन्धमा राखिएको बहुविषयक मामिलाको सम्मेलन भनेको के हो?

बच्चालाई हानि पुऱ्याइएको छ भन्ने शंका लागेमा, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक वा प्रहरी लगायतका व्यक्तिहरुलेबच्चा र उसको/उनको परिवारसँग भेट्नेछन्। उनीहरूले पारिवारिक स्थिति बुझ्नको लागि बच्चा र परिवार बारे थाहा भएको अन्य व्यक्तिहरूलाई पनि सम्पर्क गर्नेछन्।, चिकित्सकले बच्चाको शारीरिक जाँच पनि गर्नेछन्।

त्यसपछि, यी कर्मचारीले बहु-अनुशासनात्मक मामिला सम्मेलनको आयोजना गर्नेछन्। सम्मेलनको उद्देश्य भनेको जो कोहीलाई मुद्दा चलाउनुपर्छ वा पर्दैनभनेर छलफल गर्नु मात्र नभएर बच्चाको बारेमा चासो लिने पेशेवरहरूलाई उपलब्ध जानकारी लेनदेन गर्न र बच्चालाई थप हानी बिना कसरी सुरक्षित वातावरणमा बस्न मद्दत गर्ने भनी छलफल गर्नको लागि अनुमति दिनु हो। उनीहरूले उहाँको पारिवारिक सदस्यहरूलाई कठिनाइहरू पार गर्नमा कसरी मद्दत गर्ने भन्ने बारेमा पनि छलफल गर्नेछन् ता कि उनीहरूले पछि बच्चालाई उचित स्याहार र मार्गदर्शन प्रदान गर्न सक्छन्। सम्मेलनमा छलफल गरिएका सम्पूर्ण विवरणहरूलाई गोपनीय राखिनेछ र खुलासा गर्नैपरेको अवस्थामा बाहेक कसैलाई खुलासागरिनेछैन।

## सम्मेलन कसरी आयोजना गरिनेछ?

सम्मेलनमा सहभागी हुने पेशेवरहरूले आफूले प्राप्त गरेको जानकारीका साथै बच्चा र परिवारको बारेमा आफूले जानेबुझेका कुराहरू रिपोर्ट गर्नेछन् र त्यसपछि निम्न कुराहरूको बारेमा छलफल गर्नेछन्:

- बच्चाले के-कस्ता समस्या(हरू) वा घटना(हरू) झेलेको छ?

- बच्चा र/वा उहाँको सहोदरहरूले भविष्यमा भोग्न सक्ने जोखिम र हानिको स्तर कति छ?
- बच्चाको सुरक्षा र उहाँको उत्कृष्ट हितको रक्षा गर्नको लागि के-कस्ता प्रबन्धहरू मिलाउन सकिन्छ? उदाहरणका लागि:
    - ➢ के बच्चा र/वा अन्य परिवार सदस्यहरूका लागि वैकल्पिक आवासीय वा स्याहारको प्रबन्ध मिलाउन आवश्यक छ?
    - ➢ केबच्चा र/वा उसका/उनका सहोदरहरूको स्याहार वा सुरक्षाको प्रबन्ध मिलाउन अदालतबाट आदेशका लागि आवेदन दिन आवश्यक छ?
    - ➢ केबच्चा र/वा अन्य परिवार सदस्यहरूलाई अन्य सेवाहरू, जस्तै पढाइको व्यवस्था, शारीरिक र मनोवैज्ञानिक उपचारहरू, आदि आवश्यक छ?
- केबच्चा र/वा उसका/उनका सहोदर(हरू)को जानकारीलाई समाज कल्याण विभागको बालबालिका सुरक्षा रेजिष्ट्रीमा दर्ता गरिनेछ?
- बच्चा र उसको/उनको परिवारलाई कुन-कुन सेवा एकाइ(हरू) र कुन-कुन पेशेवरहरूले सेवा प्रदान गर्नेछन्?

## यो सम्मेलनमा आमाबुवा वा बच्चा सहभागी हुन पाउछन्?

बच्चा र परिवारको बारेमा छलफल गर्न सामाजिक कार्यकर्ताले सामान्यतया आमाबुवाहरूलाई सम्मेलनमा सहभागी हुन आमन्त्रित गर्नेछ। तर कहिलेकाहीँ विशेष कारणहरूले गर्दा त्यसो गर्नु उपयुक्त हुँदैन।

आवश्यक परेमा, सामाजिक कार्यकर्ताले सम्मेलनमा सहभागी हुन ठूलो उमेरको बच्चालाई पनि आमन्त्रित गर्नेछन्। यद्यपि सानो उमेरको बच्चालाई सामान्यतया आमन्त्रित गरिँदैन किनभने उसले/उनले छलफल भरहेको कुरा नबुझ्न सक्छ।

आमाबुवा वा बालबालिका सम्मेलनमा सहभागी भए वा नभए तापनि, सामाजिक कार्यकर्ताले उनीहरूसँग बच्चा र परिवारका लागि भावी प्रबन्धहरू, जस्तै बच्चा कहाँ बस्नेछ, बच्चाको रेखदेख कसले गर्नेछ, उनीहरूलाई अन्य व्यक्तिबाट सहायता चाहिन्छ कि चाहिँदैन, इत्यादिका बारेमा कुरा गर्नेछ। सामाजिक कार्यकर्ताले उनीहरूका विचारहरू सुन्नेछ र अन्य व्यक्तिहरूलाई थाहा दिन र विचार गर्न दिन सम्मेलनमा सुनाउनेछ।

आमाबुवा वा बालबालिका सम्मेलनमा उपस्थित हुनुहुन्/हुँदैनन्, सम्मेलन पछि सामाजिक कार्यकर्ताले सम्मेलनका निर्णयहरू र दृष्टिकोणबारे आमाबुवालाई स्पष्ट पार्नेछ। आवश्यक हुँदा उहाँहरूले बच्चाले बुझ्ने तरिकाले बच्चालाई पनि त्यस बारे बुझाउनेछन्। बच्चासँग

कुनैपनि प्रश्न वा चिन्ता भएमा, उहाँले कुनैपनि समयमा सामाजिक कार्यकर्तालाई भन्न सक्छन् र तिनीहरूको सामना कसरी गर्न सकिन्छ भनी सँगसँगै छलफल गर्न सक्नेछ।

## यदि बच्चा सम्मेलनमा सहभागी भयो भने, उसले/उनले कस्तो भूमिका खेल्न सक्नेछ?

सम्मेलन अघि, सभाध्यक्ष वा सामाजिक कार्यकर्ताले बच्चालाई सम्मेलनको उद्देश्य, सहभागी सदस्यहरू र सम्मेलनको कार्यविधि, इत्यादिको बारेमा स्पष्ट रूपमा बुझाउनुहुनेछ। सम्मेलनको अवधिमा, बच्चाले आफ्नो परिवारको बारेमा थप पृष्ठभूमि जानकारी प्रदान गर्न र सदस्यहरूद्वारा सिफारिस गरिएका स्याहार योजना वा अन्य प्रबन्धहरूको बारेमा आफ्नो विचार राख्न सक्नुहुन्छ। बच्चाले आफूले नबुझेको कुनै पनि कुरा स्पष्ट पार्न सभाध्यक्ष वा सदस्यहरूलाई आग्रह गर्न सक्नुहुन्छ।

## सम्मेलन पछिका प्रबन्धहरू के-के हुन्?

सम्मेलनले कुन सेवा एकाइको सामाजिक कार्यकर्ताले मामिलाको फलो-अप गर्नुहुनेछ भन्ने कुरा निर्धारण गर्नेछ। जिम्मेवारी पाएका सामाजिक कार्यकर्ता र अन्य पेशेवरहरूले बच्चा र उसको/उनको आमाबुवासँग भेटेर कुराकानी गर्नेछ, र सम्मेलनद्वारा सिफारिस गरिएका स्याहार योजना र अन्य प्रबन्धहरू कार्यान्वयन गर्नेछ। बच्चाले उनीहरूलाई आफ्ना विचार, अवस्था र चिन्ताहरूको बारेमा समेत भन्न सक्नेछ र ती समस्याहरूलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल गरिनेछ।